त्रिवेणि नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

तोलि, बाजुरा

Office of The Triveni Municipality, Toli Bajura

☎ ९७४१३३९२०३(नगर प्रमु
९८६८३३९२०४(नगर उप प्र
९८५८४२४५००(प्र.प्र.अ.)

७ न प्रदेश, नेपाल

प.सं. : २०७४/०७५
च.नं. :

## सुचना

मिति २०७५।३।१३ गते बेलुका करिब ७.०० बजे त्रिवेणी नगरपालिकाको मौरे देखि छतारा जाँदै गरेको से १ ज ९९९ नम्बरको जिप त्रिवेणी नगरपालिका वडा नं. ४ पिपलसैनको जुकेपानीमा सडकबाट करिब १ सय ३० मिटर तल खसि अकल्पनिय दुर्घटना भई उक्त दुर्घटनामा यस नगरपालिका वडा नं. १ का वडा अध्यक्ष एवं वातावरण तथा विपद् व्यवस्थापन समितिका सदस्य ५२ वर्षिय स्व. श्री खम्म दमाई नेपाली र सोही स्थानका छतारा देखि सल्लेरी सम्मको घोडेटो बाटो निर्माण समितिका कोषाध्यक्ष वर्ष ३८ की स्व. श्री लालसरा देवी बुढाको असामयिक निधन भएकोले यस घटनाबाट त्रिवेणी नगरपालिका परिवार स्तव्ध भएको छ । वहाँहरुको आत्माको चिर शान्तीको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै पिडीत परिवार तथा आफन्तजन प्रति इश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनि समबेदना प्रकट गर्दछौ । मिति २०७५/ ३/१४ गते बिहान बसेको नगर कार्यपालीकाको अपत्कालीन बैठकले तपसिल बमोजिमका निर्णयहरु गरेको हुँदा यस कार्यालयबाट प्रदान गरीने नियमीत सेवाहरु तीन दिनसम्म बन्द रहने भएकोले सेवाग्राहीमा पर्न गएको असुविधा प्रति क्षमा माग्दै यो सुचना सम्वन्धित सबैकालागि जानकारी गराईएको छ ।

तपसिल:

१ कार्यपालिकाको बैठकमा एक मिनेटको मौनधारण गर्ने ।
२ राष्ट्रिय झण्डा तिन दिन सम्म झुकाउने ।
३ नगरपालिकाको कार्यालय र वडा नं. १ को कार्यालयमा शोख पुस्तिका १३ दिन सम्म राख्ने ।
४ त्रिवेणी नगरपालिका र वडा कार्यालयहरुमा मिति २०७५/३/१४ देखी मिति २०७५/३/१६ गते सम्म कार्यालयको काम काज बन्द रहने ।
५ त्रिवेणी नगरपालीका अन्तर्गतका सरकारी सेवा कार्यालय र विद्यालयहरु २०७५/३/१४ गते शोख मनाउने ।
६ मृतकको शतगत खर्च र घाइतेहरुलाई औषधि उपचार राहत खर्च उपलब्ध गराउने ।

(तिर्थराज थापामगर)
नि. प्रमुख प्रशासकिय अधिकृत

Scanned by TapScanner